## आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिका लागि नेपाल उद्योग वाणिज्य महासंघको सुझाव

१. **कर्जाको पुनरसंरचना :**

- ऋणीले अनुमान योग्यकर्जा भुक्तानीको योजना बनाई कर्जा भुक्तानी गर्न कोभिड-१९ बाट प्रभावितको लागि २०७६ चैत्र देखि लकडाउन समाप्त भएको मितिले छ महिना सम्मको ब्याजलाई पूँजीकरण गरेर कर्जाको पूनरसंरचना गर्नुपर्ने र अन्य सबैका लागि २०७६ चैत्र देखि लकडाउन समाप्त भएको मितिले तीन महिना सम्मको ब्याजलाई पूँजीकरण गरी कर्जाको पुनरसंरचना र पुनर्तालिकिकरण गर्नुपर्ने ।
- कोभिड-१९ बाट प्रभावित व्यवसायलाई लकडाउन समाप्त भएको ६ महिना र अन्य सबै व्यवसायलाई लकडाउन समाप्त भएको ३ महिना सम्म साँवा, ब्याज भुक्तानी गर्ने समयावधि थप गर्नु पर्ने ।
- पुनरसंरचनागर्दा प्रोभिजनिङ्ग गर्न नपर्ने र जरिवाना नलाग्ने व्यवस्था गर्नु पर्ने ।
- कर्जाको भुक्तानी म्यादलाई २ वर्ष देखि ५ वर्ष सम्म बृद्धि गर्नु पर्ने ।
- Debt Equity Ratio र CCD ratio मा लचकता अपनाउनु पर्ने । Debt Equity Ratio ८०:२० लाई आगामी दुई आर्थिक वर्ष सम्म निरन्तरता दिनु पर्ने । बजारमा लगानी योग्य तरलताको सुनिश्चितता गर्न CCD ratio लाई ८५ प्रतिशत पुऱ्याउनु पर्ने ।

२. **कर्जाको ब्याजदर घटाउने :**

- निक्षेप र कर्जा बिचको ब्याजदर अन्तर (स्प्रेड दर) घटाएर ३ प्रतिशत कायम गर्नु पर्ने ।
- कर्जाको ब्याजदरलाई क्रमशः घटाउदै लैजानु पर्ने र उत्पादनमुलक क्षेत्रको कर्जामा ब्याजदर वेसरेट भन्दा माथि नबढ्नेगरी कायम गर्नु पर्ने ।
- कर्जाको ब्याजदर घटाउन बेसरेट घटाउनु आवश्यक छ । बेसरेट व्यवस्थापनका लागि निम्न सुझावहरु रहेका छन् :
  - बेसरेटमा ७० देखि ७२ प्रतिशत हिस्सा Cost of Fund को रहेको छ । त्यस कारण Cost of Fund घटाउने उपायहरु अवलम्बन गर्नु पर्दछ । अवकास कोष बाहेक संस्थागत निक्षेपको ब्याजदर सर्वसाधारण व्यक्तिको निक्षेप ब्याजदर भन्दा कम्तिमा दुई प्रतिशत न्यून गर्नु पर्ने ।
  - बेसरेटमा करिब ३ प्रतिशत हिस्सा अनिवार्य नगद मौज्दात (CRR) को र करिब २ प्रतिशत हिस्सा बैधानिक तरलता अनुपात (SLR) को रहेको छ । अनिवार्य नगद मौज्दातमा बैंक तथा वित्तीय संस्थालाई ब्याज प्रदान गर्नु पर्ने । बैधानिक तरलता अनुपात घटाउनु पर्ने ।

  - वेसरेटमा करिव २५ प्रतिशत हिस्सा संचालन खर्च (Operating Cost) को रहेको छ । बाणिज्य बैंकहरुले प्रशासनिक खर्च कटौती, मितव्ययिता र दक्षता अभिबृद्धि लगायतका नीतिहरु अपनाउनु पर्ने ।
- बाणिज्य बैंकहरुले बेसरेटमा थप पाँच प्रतिशत विन्दु सम्म प्रिमियम लिने गरेकोले साना ऋणीलाई ब्याजदर उच्च हुनगएको छ । तसर्थ, प्रिमियमको अधिकतम सीमा तीन प्रतिशत गर्नु पर्ने ।

३. **पुनरकर्जा (रिफाइनान्स) :**

- नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि २०७७ (मस्यौदा) को बुदा न. १३ (३) मा उल्लेख भएको *"उद्योगको संचालन अवस्था राम्रो रहेका वा विगत तीन वर्षको मुनाफा हेर्दा औषतमा प्रतिवर्ष पूँजीमा प्रतिफल २० प्रतिशत वा सो भन्दा बढी रहेको उद्योग व्यवसायमा प्रभावित कर्जाहरु"* लाई हटाउनु पर्ने ।
- घाटामा भएका कम्पनी तथा फर्मले पुनरकर्जा पाउनु पर्ने ।
- रु पाँच करोड सम्मको पुनरकर्जा तोकिएको प्रक्रियाको आधारमा बैंक तथा वित्तीय संस्थाले आफैले प्रदान गरी नेपाल राष्ट्र बैंकबाट सोधभर्ना गर्ने व्यवस्था गर्नु पर्ने ।
- पुनरकर्जाको प्रक्रिया सरलिकरण गर्नु पर्ने ।
- पुनरकर्जा ६-६ महिनाको सट्टा एकै पटक दुई वर्षको लागि गर्नु पर्ने ।

४. **अतिरिक्त कर्जा :** नगद प्रवाह व्यवस्थापन को लागि ऋणीलाई धितो थप नगरिकन २० प्रतिशत अतिरिक्त कर्जा प्रदान गर्नु पर्ने ।

५. **छुट :**

- आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासमा कर्जाको ब्याजदर दुई प्रतिशत बिन्दुले कम गर्ने नेपाल राष्ट्र बैंकको निर्देशन कार्यान्वयन हुन सकेको छैन । यसको कडाइका साथ कार्यान्वयन गर्नु पर्ने ।
- २०७६ चैत्र मासान्त सम्म भुक्तानी गरेको ब्याज रकममा १० प्रतिशत छुट दिने व्यवस्था पनि कार्यान्वयन हुन सकेको छैन, यसको कार्यान्वयन हुनु पर्ने । ब्याज रकममा १० प्रतिशत छुट Term Loan मा मात्रै नभएर Working Capital Loan र TR Loan लगायतका सबै प्रकारका कर्जाहरुमा लागु हुनु पर्ने ।

६. **शुल्क :**

- कर्जाको नवीकरण शुल्क, Documentation शुल्क, Loan processing शुल्क हालको विषम परिस्थितिमा दुई वर्षको लागि नलाग्ने व्यवस्था गर्नु पर्ने ।
- ऋणीले अग्रीम भुक्तानी तथा बैंक परिवर्तन गर्दा कुनैपनि किसिमको Pre Payment Charge असुल गर्न नपाइने व्यवस्था गर्नु पर्ने ।

७. **ब्याज मिनाहा :** लकडाउन अवधिको ब्याज मिनाहा गर्नुपर्ने । लकडाउन अवधिको लागि रु २५ लाखसम्मको कर्जामा सबै ब्याज मिनाहा, एक करोड रुपैयाँ सम्मको कार्जामा ५० प्रतिशत ब्याज मिनाहा र पाँच करोड रुपैयाँ सम्मको कर्जामा २५ प्रतिशत ब्याज मिनाहा गर्नु पर्ने ।

८. **बहिर्गमन :** संचालनमा आउन नसक्ने कम्पनी तथा फर्म बन्द गर्न चाहेमा बक्यौता ब्याज मिनाहा गरी सहज बहिर्गमनको व्यवस्था गर्नु पर्ने ।

९. **क्रेडिट रेटिङ्ग :** रु ५० करोड भन्दा बढीको कर्जामा क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्थाका कारण कम्पनीको लागत झन बढाएकोले हालको विषम परिस्थिमा प्राइभेट लिमिटेड कम्पनीले कर्जा लिनको लागि क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था हाललाई स्थगित गर्नु पर्ने ।

१०. **सामुहिक ग्यारेण्टी :** कोभिड-१९ को कारण टाँटउल्टी भएकाको उद्धार गर्नको लागि सामुहिक ग्यारेण्टीमा कर्जा दिने व्यवस्था गर्नु पर्ने ।

११. व्यापार व्यवसाय उधारोमा पनि हुनेगरेको छ । विगतमा ३०-४० दिनमा उधारो भुक्तानी हुने गरेकोमा हालको विषम परिस्थितिका कारण उधारोमा भएको बिक्रीको रकम संकलन हुन ६ महिना सम्म लाग्ने अवस्था भएकोले उधारो भुक्तानी सम्बन्धि कानूनी व्यवस्था गर्नु पर्ने ।

१२. कोभिड-१९ को कारण व्यापार व्यवसाय प्रभावित भई ऋण तिर्न नसक्ने व्यवसायीको धितो लिलाम गर्ने कार्य अगामी दुई वर्षको लागि स्थगित गर्नु पर्ने ।

१३. ऋणी कतिपय अवस्थामा काबुवाहिरको परिस्थितिले पनि कालो सूचीमा पर्न सक्ने अवस्था आउने भएकोले ऋणीलाई कालो सूचीमा समावेश गर्ने बैज्ञानिक मापदण्ड तय गरिनु पर्दछ । कुनै एउटा कम्पनी कालो सूचीमा परेमा उक्त कम्पनीको संचालक अर्को कम्पनीमा संचालक भएको अवस्थामा अर्को कम्पनीलाई कालो सूचीमा राख्न नहुने ।

१४. आर्थिक वर्ष २०७७/७८ को बजेटमा रु २२५ अर्बको आन्तरिक ऋण उठाउने उल्लेख छ । यसले अर्थतन्त्रमा तरलताको समस्या हुन सक्छ । वाणिज्य बैंकले आफ्नो पूँजीको २५ प्रतिशत डिबेन्चर जारी गर्नुपर्ने व्यवस्थाका कारण धेरै बैंकले जारी गरिसकेको भएपनि केही वैंकले जारी गर्न बाँकी छ । बाँकी रहेकाले डिवेञ्चर जारी गरेमा तरलताको थप समस्याहुन सक्छ । डिवेन्चरको ब्याजदर ९-१० प्रतिशतहुने भएकोले यसले बैंकको Cost of Fund बढाउँछ । तसर्थ डिबेन्चर जारी गर्ने प्रक्रिया हाललाई स्थगित गर्नुपर्ने ।

१५. कच्चा पदार्थ, मेसिन खरिदको लागि TR Loan मा LIBOR + 1.25 Percent भन्दा बढी लिन पाइदैन तर अहिले बैंकहरुले LIBOR + 1.25 का अतिरिक्त थप एक प्रतिशत सेवा शुल्क लिने गरेका छन् । राष्ट्र बैंकले प्रिमियम घटाएपछि बैकले सेवा शुल्कको बाटो अपनाएका छन् यस्तो शुल्क हटाउनु पर्ने ।

१६. विदेशीको सेवा उपयोग गरेवापत रकम भुक्तानी गर्दा एक लाख भारु सम्म नेपाल राष्ट्र बैंकबाट अनुमति लिन नपर्ने व्यवस्था छ । उक्त रकम भन्दा बढिको भुक्तानीमा झण्झटिलो प्रक्रिया र लामो समय लागिरहेकोले कर कट्टी गरेको निश्चित गरी उक्त रकमलाई बृद्धि गरी विश लाख भारु गर्नु पर्ने ।

१७. विदेशीको सेवा उपयोग र लाभासंको रकम विदेश पठाउनको लागि बाणिज्य बैंकहरुले नै कर कट्टी गरेको विवरण हेरेर रकम पठाउन सक्ने व्यवस्था गर्नु पर्ने ।

१८. लकडाउनको कारणले म्याद समाप्त भएका प्रतितपत्रको अतिरिक्त शुल्क नलाग्ने गरी म्याद थप गर्न वाणिज्य बैंकहरुलाई निर्देशन दिनु पर्ने । उद्योगी व्यवसायीले उधारोमा समेत बस्तु पैठारी गर्ने भएकोले Usance LC लाई कार्यान्वयन गर्नु पर्ने ।

१९. बैंकिङ्ग सेवालाई सरल र सहज बनाउनका लागि १० लाख रुपैयाँ सम्मको बचतमा Know Your Customer (KYC) मा लचकता अपनाउन पर्ने ।

२०. बैंकिङ्ग प्रणालीका प्रक्रिया सरल बनाइनु पर्ने । बैंकहरुका कागजातमा एकरुपता ल्याउनु पर्ने । Promissory Note भइसके पछि तमसुखको आवश्यता पर्न नहुने ।

२१. कम्पनी कानुन अनुसार सीमित दायित्वको व्यवस्था भएपनि बैंकहरुले व्यक्तिगत जमानी नभई ऋण नदिने भएकोले असीमित दायित्व खडा हुने गरेको छ । सीमित दायित्वको व्यवस्था कार्यान्वय हुन परियोजनाका आधारमा ऋण दिने व्यवस्था गरिनु पर्ने ।

२२. आर्थिक वर्ष २०७७/७८ को बजेटमा उल्लेख भएका घरेलु, साना, मझौला उद्यम, पर्यटन क्षेत्रको व्यवसायलाई प्रदान गर्ने भनिएको पुनरकर्जाको कार्यान्वयन गर्नु पर्ने ।

२३. दश प्रतिशत डाउन पेमेण्ट र ९० प्रतिशत फाइनान्स गरी निजी सवारी साधन खरिद गर्न सक्ने व्यवस्था गर्नु पर्ने । नेपालमा पुर्ख्यौली सम्पत्तिबाट पनि भोगगर्ने चलन रहेको सन्दर्भमा आम्दानीको पचास प्रतिशत मात्र व्यक्तिगत कर्जा दिने व्यवस्था खारेज गर्नु पर्ने ।

२४. चलचित्र क्षेत्रलाई चलायमान बनाउन चलचित्र निर्माण परियोजना कर्जाको व्यवस्था गर्नु पर्दछ । कम्पनी ऐन अन्तरगत दर्ता भएका कम्पनीलाई परियोजना बीमा सहित ५० प्रतिशत लगानी सोही बैंकमा जम्मागरी चलचित्र निर्माण अगाडि बढाएको खण्डमा बाँकी ५० प्रतिशत सुलभ दरमा कर्जा लिन सकिने व्यवस्था गर्नु पर्ने ।

२५. सुनमा रहेको कोटा प्रणाली खारेज गरी सुन उद्योगी व्यवसायीलाई आवश्यक परिमाणको सुन खरिद गर्न सक्ने व्यवस्था गर्नु पर्ने ।

२६. लघु, घरेलु तथा साना उद्योगी व्यवसायीले सुन धितो राखेमा कर्जा दिनु पर्ने । साथै, सुन धितो राखि कर्जा लिदा मूल्यांकनको ८० प्रतिशत देखि ९० प्रतिशत सम्म कर्जा दिनु पर्ने ।

२७. E-Commerce लाई बढावा दिन डिजिटलाइजेशन र पेपर लेस अवधारणाको उपयोगिता बृद्धि गर्नु पर्ने ।

***